आज मिति २०७७ साल बैशाख २६ गते कोभिड-१९ संक्रमण नियन्त्रण, रोकथाम र उपचार सम्बन्धी जिल्लास्तरीय Crisis Management Center का संयोजक तथा प्रमुख जिल्ला अधिकारी श्री श्रवण कुमार तिमिल्सिनाको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी देहाय बमोजिम गर्ने निर्णय गरियो ।

सल्लाहकार:

| | | |
|---|---|---|
| १. श्री उद्धव के.सी. | प्रमुख | जिल्ला समन्वय समितिको कार्यालय, काभ्रे |
| २. श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठ | नगर प्रमुख | धुलिखेल नगरपालिका कार्यालय, काभ्रे |

उपस्थिति:

| | | |
|---|---|---|
| १. श्री श्रवणकुमार तिमिल्सिना | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, काभ्रे |
| २. श्री लक्ष्मीदेवी होमागाई खतिवडा | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, काभ्रे |
| ३. श्री केशव रिजाल | जि.स.अ. | जिल्ला समन्वय समितिको कार्यालय, काभ |
| ४. श्री सुबास खड्का | प्र.सें. | विष्णुदल गण, काभ्रे |
| ५. श्री रविकुमार पौडेल | प्र.उ. | जिल्ला प्रहरी कार्यालय, काभ्रे |
| ६. श्री पुरुषोत्तम थापा | स.प्र.उ. | सशस्त्र प्रहरी बल नेपाल नं. १५ गण हे.क्वा., काभ्रे |
| ७. श्री सरोज निरौला | प्र.अ.अ. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, काभ्रे |
| ८. डा. श्री नरेन्द्र कुमार झा | स्वा. प्र. | स्वास्थ्य कार्यालय, काभ्रे |
| ९. डा. श्री सुमन ताम्राकार | प्रवक्ता | धुलिखेल अस्पताल, काभ्रे |

आमन्त्रित:

| | | |
|---|---|---|
| १. श्री टोक बहादुर वाइवा | नगर प्रमुख | मण्डनदेउपुर नगरपालिका कार्यालय, काभ्रे |
| २. श्री भिम न्यौपाने | नगर प्रमुख | पनौती नगरपालिका कार्यालय, काभ्रे |
| ३. श्री लक्ष्मी नरसिंह बादे श्रेष्ठ | नगर प्रमुख | बनेपा नगरपालिका कार्यालय, काभ्रे |
| ४. श्री टि.पि. शर्मा तिमल्सिना | नगर प्रमुख | नमोबुद्ध नगरपालिका कार्यालय, काभ्रे |
| ५. श्री महेश खरेल | नगर प्रमुख | पाँचखाल नगरपालिका कार्यालय, काभ्रे |
| ६. श्री कृष्ण बहादुर खुलाल | अध्यक्ष | खानिखोला गाउँपालिका कार्यालय, काभ्रे |
| ७. श्री दल बहादुर लामा | अध्यक्ष | रोशी गाउँपालिका कार्यालय, काभ्रे |
| ८. श्री बिमला चौलागाई शर्मा | नगर उप-प्रमुख | धुलिखेल नगरपालिका कार्यालय, काभ्रे |
| ९. श्री मोतिराम तिमल्सिना | अध्यक्ष | पत्रकार महासंघ, काभ्रे |
| १०. ,, प्रेम नं. तिमल्सिना | | बेथानचोक गा.पा. |
| ११. लक्ष्मी बहादुर थिंग | | वडाध्यक्ष नेकपा/गा.पा./ |
| १२. रमा दाहाल | उपसम्पादक | कान्तिपुर TV. |
| १३. नरेन्द्र काफ्ले | उप-सम्पादक (काभ्रे) | कान्तिपुर पब्लिकेशन्स |
| १४. कपिल कोइराला, अध्यक्ष, | | नेपाल प्रेस युनियन काभ्रे |
| १५. | | |
| १६. | | |
| १७. | | |
| १८. | | |
| १९. | | |

निर्णयहरु:

१. विश्वव्यापी रुपमा फैलिंदै गएको कोभिड १९ संक्रमण नियन्त्रण, रोकथाम तथा उपचारका सन्दर्भमा नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को मिति २०७७।१।२४ गतेको निर्णयानुसार संक्रमण रोग ऐन, २०२० को दफा २ बमोजिम मिति २०७७ साल जेष्ठ ५ गते सोमबार मध्यरातसम्मका लागि नेपालभर लागु हुने गरी लक डाउनलाई निरन्तरता दिएको हुँदा सो को कार्यान्वयन यस जिल्लामा प्रभावकारी रुपमा गर्ने।

२. नेपाल सरकार गृह मन्त्रालयको च.नं. ३७३५ मिति २०७७।१।२५ गतेको पत्रानुसार लक डाउन अवधिभर औषधि, स्वास्थ्य सामग्री जस्ता अत्यावश्यक सेवाको उत्पादन तथा बिक्री वितरण, औद्योगिक वस्तुको उत्पादन तथा बिक्री वितरण, विकास आयोजनाहरुको सञ्चालनका आवश्यक निर्माण सामग्रीको ढुवानी र न्यूनतम बैङ्किङ तथा वित्तीय सेवालाई सुचारु गर्न केन्द्रिय कोभिड १९ क्राइसिस म्यानेजमेन्ट सेन्टर र प्रदेशस्तरीय कोभिड १९ क्राइसिस म्यानेजमेन्ट सेन्टरसँग जिल्लास्तरिय क्राइसिस म्यानेजमेन्ट सेन्टर काभ्रेले आवश्यक समन्वय गरी सुरक्षाका मापदण्ड पुरा गरी, सामाजिक दुरी कायम गरी, संक्रमणको जोखिमको अवस्था मूल्याङ्कन गरी तपशिलका क्षेत्रहरु सञ्चालन गर्ने:

क. कृषि तथा पशुपन्छीजन्य सम्वन्धी:

१. खाद्यबस्तु र अन्य बाली लगाउने तथा पाकेको बाली भित्र्याउने कार्य
२. पाशुपन्छी पालन, माछा पालन तथा विक्री वितरण (फ्रेस हाउस बाहेक)
३. काभ्रेपलाञ्चोक जिल्लामा उत्पादित दुध र तरकारीको हकमा तोकिएको समयमा संकलन, ढुवानी तथा वितरण
४. अन्य जिल्लाबाट आउने निर्माण सामग्री खाद्यान्न, अन्य उपभोग्य सामग्री, कुखुरा/अण्डा, दाना ढुवानी तथा विक्री वितरण
५. कृषि मल बिउ विजन ढुवानी तथा विक्री वितरण
६. शीत भण्डार संचालन

ख. स्वास्थ्य सेवा सम्वन्धी:

१. सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्थाहरु, अस्पताल, पोलिक्लिनिक, ल्याबहरुको सञ्चालन।
२. स्वास्थ्य सुरक्षा तथा सामाजिक दुरी कायम गरी सबै प्रकारका खोप सेवाहरुको सञ्चालन।
३. औषधी तथा स्वास्थ्य सामग्री विक्रि वितरण
४. क्वारेन्टाइन संचालन तथा व्यवस्थापनका लागि आवश्यक सामग्री ढुवानी तथा वितरण
५. औषधी पसलहरु(आयुर्वेद, होमियोप्याथिकसमेत) को सञ्चालन
६. एग्रोभेट र भेटेरिनरी औषधी पसलहरुको सञ्चालन र तत् सम्वन्धी सेवा

ग. ढुवानी सेवा सम्वन्धी:

ढुवानी सेवाका साधनहरुलाई निसंक्रमित (Disinfected) गरी निसंक्रमण गर्ने निकायले जारी गरेको निस्सा साथमा राखी चालक तथा परिचालकको स्वास्थ्य जाँच सम्वन्धी भन्सार बिन्दु वा उद्योग प्रतिष्ठानहरुमा गर्ने व्यवस्था मिलाई देहायका ढुवानी साधनहरु गन्तव्य स्थलसम्म आवतजावत गर्न दिने;

१. प्रकरण २ को खण्ड(क) र (ख) मा उल्लिखित सबै प्रकारका बस्तु तथा सेवामा प्रयोग हुने ढुवानीका साधनहरु
२. जनक शिक्षा सामग्री केन्द्र लिमिटेडबाट पाठ्यपुस्तक विक्रीको अनुमति लिएका पुस्तक पसल

३. भन्सारबाट जाँचपास भई आएका, उद्योग प्रतिष्ठानबाट लोड लिई मालसामान बोकेका र मालसामान गन्तव्यमा पुर्याई फर्किने ढुवानीका साधनहरु
४. पानी, ग्याँस, पेट्रोलियम पदार्थ बोकेका ढुवानीका साधनहरु ।
५. औद्योगिक कच्चा पदार्थहरु र काभ्रेपलाञ्चोक जिल्लामा उत्पादित तरकारी मालबस्तु बोकेका ढुवानीका साधनहरु
६. विकास आयोजनामा प्रयोग हुने उपकरणहरु लाने/ल्याउने कार्य र निर्माण सामग्रीहरु बोकेका ढुवानीका साधनहरु
७. कृषि सामग्री, रासायनिक एवम् प्राङ्गारिक मल बोकेका ढुवानीका साधनहरु
८. एम्बुलेन्स सेवा ।

घ. विकास आयोजना सम्वन्धी

१. मध्य पहाडी लोकमार्ग आयोजना,
२. काभ्रे एकीकृत खानीपानी आयोजना
३. जिल्लामा रहेका अन्य महत्वपूर्ण आयोजनाहरु
४. विपद जोखिम न्यूनिकरण गर्ने अन्य आयोजनाहरु
५. तत्काल निर्माण कार्य नगर्दा आर्थिक तथा भौतिक क्षति हुने आयोजनाहरु
६. कामदार कम मेसिनरी उपकरण बढी प्रयोग हुने आयोजनाहरु
७. नदी नियन्त्रणका कार्यहरु
८. एक स्थानमा एक पटकमा अधिकतम १० जना नबढ्ने गरी संचालन गरिने शहरी पूर्वाधारण सम्वन्धी आयोजनाहरु
९. माथि उल्लेखित आयोजनाहरुमा काम गर्ने श्रमिकहरुलाई सम्वन्धित निकाय/आयोजनाले दैनिक रुपमा स्वास्थ्य जाँच गराउने व्यवस्था मिलाउने । आवासको व्यवस्था गर्ने । कार्यस्थलमा खानेबस्ने व्यवस्था मिलाउने ।
१०. ढुङ्गा-गिट्टी, बालुवा लगायत निर्माण सामग्रीहरुको उत्पादन, सङ्कलन र ढुवानी ।

ङ. सार्वजनिक सेवा सम्वन्धीः

१. बैङ्क तथा वित्तीय संस्था मार्फत अति आवश्यकीय सेवा प्रवाह गर्नुपर्ने कार्यका लागि तोकिएको दिन र समयमा आवश्यक पर्ने कर्मचारी मध्ये एक तिहाई कर्मचारीद्धारा सेवा सञ्चालन गर्ने । नगद कारोबार गर्दा खुद्रा पैसा कम हुने गरी गर्न आवश्यक सहजिकरण गर्ने ।
२. अति आवश्यकीय सेवा प्रदान गर्ने विद्युत, खानेपानी, सञ्चार, फोहोरमैला व्यवस्थापन, दमकल संचालन गर्ने निकायले न्यूनतम कर्मचारी आलोपालो मिलाई तोकिएका स्वास्थ्य सुरक्षा सम्वन्धी मापदण्डको अनुशरण गरी कार्यालय सञ्चालन गर्ने ।

च. औद्योगिक उत्पादन सम्वन्धी

१. चामल, दाल, तेल, चिउरा, पाउरोटी, पिठो, चाउचाउ, पानी प्रशोधन जस्ता उद्योगहरु ।
२. ग्याँस बोटलिङ्ग, घरेलु तथा साना उद्योगहरु, निर्यातजन्य र विशेष आर्थिक क्षेत्रमा सञ्चालित उद्योगहरु र सिमेण्ट, डण्डी जस्ता निर्माणजन्य उद्योगहरु ।
३. बढीमा ३ जनासम्म कामदार रहने गरी सवारी साधनहरुको मर्मत गर्ने वर्कशप, प्लम्बिङ, इलेक्ट्रिकल सेवा तथा पेट्रोल पम्प संचालन ।

३. नेपाल सरकार गृह मन्त्रालयको च.नं. ३७३५ मिति २०७७।१।२५ को निर्देशानुसार देहायका स्थान/स्थलहरु र क्रियाकलापहरु लक डाउनको अवधिभर सञ्चालन गर्न नपाइने:

१. विश्वविद्यालय, क्याम्पस, विद्यालय लगायत सबै प्रकारका शैक्षिक संस्था, तालिम तथा प्रशिक्षण केन्द्र।

२. गैरखाद्य वस्तु बिक्री गर्ने व्यवसायीक मल, सिनेमा हल, पार्टी प्यालेस, फनपार्क लगायतका सार्वजनिक स्थलहरु।

३. सार्वजनिक जमघट, धार्मिक स्थलहरु (मन्दिर, गुम्बा, मस्जिद, चर्च, गुरुद्वार आदि) मा हुने भेला एवम् धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरु।

४. रङ्गशाला, खेलकुद स्थल, फुटशल, शारीरिक सुगठन गर्ने स्थल तथा जिमखाना, फिटनेश सेन्टर, शैलुन, व्यूटिपार्लरहरु।

५. होटल, बार, रेष्टुरेण्टहरु।

६. स्थानीय प्रशासनबाट सवारी पास पाएका बाहेक सबै प्रकारका यात्रुबाहक सवारी साधनहरु।

७. १२ वर्ष मुनिका बालबालिका, अशक्त भएका व्यक्ति, विरामी, ७० वर्ष पुरा भएका ज्येष्ठ नागरिक र गर्भवती महिलाहरुको आवतजावत तथा हिंडडुलका गतिविधिहरु।

४. यस जिल्लाको कुनै भू–भागमा संक्रमणको जोखिम देखा परेमा उक्त क्षेत्र वा जिल्लाभर माथि उल्लेखित क्रियाकलापहरु निश्चित अवधिसम्मका लागि स्थानीय प्रशासनले तत्कालै रोक लगाउन सक्ने।